ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

# माध्यमिक तहमा शैक्षिक सामग्रीको व्यवस्थापन

गणेश अधिकारी
adhikariganesh785@gmail.com
भेरी ज्ञानोदय बहुमुखी क्याम्पस, जाजरकोट
मध्यपश्चिम विश्वविद्यालय, शिक्षाशास्त्र संकाय

## सार

*प्रस्तुत अध्ययन माध्यमिक तहमा शैक्षिक सामग्रीको व्यवस्थापन शीर्षकमा तयार गरिएको छ । विद्यालयमा शैक्षिक सामग्री संरक्षण गर्नु विद्यालयको दायित्व हो । जसले गर्दा विद्यालयका सबै विषयको आवश्यकता अनुसार सामग्रीहरुको प्रयोग गर्न सकियोस । समयको वचत, आर्थिक बचत भइ सिकाइ उपलब्धि वृद्धि गर्न सघाउनुको साथै शिक्षण कार्य प्रभावकारी, उद्देश्यमुलक रोमाञ्चक हुने हुनाले शैक्षिक सामग्रीको निर्माण तथा संरक्षण गर्न जरुरी छ । कुनै पनि संघसंस्था राम्रोसँगै सञ्चालन गर्ने त्यसमा प्रभावकारी कर्मचारीको काम गर्ने क्षमतामा निर्भर हुन्छ । माध्यमिक तहमा शैक्षिक सामग्री व्यवस्थापनको अवस्था माध्यमिक तहमा शिक्षण सामग्री व्यवस्थापन अध्ययनबाट प्राप्त गरियो । कक्षाकोठामा विद्यार्थी निश्क्रिय हुने समस्याले गर्दा विद्यालयमा शौक्षिक सामग्री गरी प्रयोग गरेमा विद्यार्थीलाई सक्रिय हुने वातावरण सृजना गर्नुपर्दछ । माध्यमिक तहमा शैक्षिक सामग्री व्यवस्थापनमा देखिएका समस्यामा आर्थिक अभाव, विद्यार्थी सक्रिय नहुनु, निरन्तर सुपरिवेक्षणको अभाव, समन्वय तथा सहकार्यको अभाव, शैक्षिक सामग्री संरक्षणको कमी, पुनर्ताजगी तालिमको अभाव र भौतिक पूर्वाधारमा समस्या पाइयो । माध्यमिक तहमा शैक्षिक सामग्री व्यवस्थापनका समस्या समाधानका उपायहरु आर्थिक अनुदानको व्यवस्था, विद्यार्थी सक्रियतामा वृद्धि, निरन्तर सुपरिवेक्षणको व्यवस्था, निरन्तर समन्वय, शैक्षिक सामग्रीको उचित व्यवस्थापन, तालिमको व्यवस्था र भौतिक पूर्वाधार व्यवस्थापनमा जोड दिनुपर्ने देखियो ।*

**मुख्य शब्द :** तालिम, शैक्षिक, प्रभावकारी, सिकाइ, व्यवस्थापन, निरन्तर

## परिचय

शैक्षिक उद्देश्य परिपुर्ति गर्ने क्रममा शिक्षकलाई कक्षामा अध्ययन अध्यापन गर्न स्पष्ट धारणा विकसित गराउन सहयोग पुऱ्याउन सबै किसिमका साधान तथा उपकरणलाई शैक्षिक सामग्री भनिन्छ । कुनै पनि विषयवस्तुलाई रुचिकर, ज्ञानवर्द्धक, सरल, सरस, आकर्षक, मनोरञ्जानत्मक तथा प्रभावकारी ढंगले शिक्षण गर्ने शैक्षिक सामग्री अति आवश्यक हुन्छ । त्यस कारण शैक्षिक सामग्रीको उचित व्यवस्थापन गर्नु पर्दछ ।

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

संगठनको निर्धारित लक्ष्य र उद्देश्य हासिल गर्नको लागि आवश्यक पर्ने स्रोत साधन जुटाइ व्यवस्थित ढंगले संचालन र समन्वय गर्ने प्रक्रियालाई व्यवस्थापन भनिन्छ । मानिस सामाजिक प्राणी भएकाले उ समाजमा बस्दा विभिन्न समूह, संघसंस्था तथा संगठनमा आवद्ध हुन्छ । प्रत्येक संघसंस्थाका उद्देश्य पुरा गर्न भौतिक, आर्थिक र मानवीय पक्षको प्रबन्ध गर्नु, तौरतरिकाको छनौट गर्ने सरल तथा व्यवस्थित ढंगले उद्देश्य प्राप्ति गर्न पहल गर्नुपर्दछ । यसरी विभिन्न क्षेत्रमा सरल जटिल प्रकारका उद्देश्य प्राप्तिका लागि गरिने प्रबन्ध नै शैक्षिक सामग्री व्यवस्थापन हो । कुनै पनि कार्यक्रम पुरा गर्न कौशलतापूर्ण ढङ्गले प्रबन्ध मिलाउनु शैक्षिक सामग्री व्यवस्थापन हो (अधिकारी, २०७५) । कुशलतापूर्वक मानिसलाई परिचालन गर्नु शैक्षिक सामग्री व्यवस्थापन हो । "व्यवस्थापन एक छुटै प्रकिया हो जसमा योजना, संगठन, कार्यान्वयन र नियन्त्रण जस्ता पक्ष समावेश हुन्छ । उद्देश्य निर्धारण तथा सोको प्राप्ती मानिस अन्य साधनको प्रयोगद्धारा गरिन्छ ।" - जर्ज आर.टेरी.

समाजको विकासक्रमसँगसँगै शिक्षण कार्यमा पनि नयाँ आयाम थपिदै गएका छन् । विज्ञान र प्रविधिको विकासले शैक्षिक सामग्रीको रुपमा श्रव्यदृश्य सामग्रीको विकास गरिएका छन् । विशेषगरी सूचना प्रविधिमा आएको विकासले शिक्षण सिकाई क्रियाकलापमा पनि नयाँ मूल्यमान्यता स्थापित गरेको छ । आधुनिक र उपर्युक्त शैक्षिक सामग्रीको प्रयोगले शिक्षण आकर्षण मात्र होइन प्रभावकारी र अर्थपूर्ण पनि बनाउन विद्यार्थीले सिकेको ज्ञानलाई दिगो बनाउँदै यसले विद्यार्थीमा रुची जगाइ स्वतन्त्र सिकाई र विचारको अभिवृद्धि गर्छ । शैक्षिक सामग्रीको प्रयोगले बालबालिकामा रुची पैदा बनाउन सिक्न लालित्य बनाउँछ । विषयवस्तुको व्यवहारिक अनुभव प्राप्त गर्न शिक्षक र विद्यार्थी सबैलाई सहयोग गर्न सिकाई प्रभावकारी र स्थायी बनाउन मद्दत भई पाठ्यक्रमको उद्देश्य पूरा गर्न शिक्षकको पेशागत दक्षता बढाउन शैक्षिक सामग्रीको महत्वपूर्ण भूमिका हुन्छ । विषयवस्तुको वास्तविकता र पूर्ण धारणा दिन शैक्षिक सामग्रीले सहयोग गर्दछ । मौखिक संचारलाई क्रियाकलापसँग जोड्नका लागि शिक्षण सामग्री महत्वपूर्ण सावित भएको छ । नदेखेका कुरा घटना र वातावरणको प्रत्यक्ष जानकारी दिन शैक्षिक सामग्रीको प्रयोग रामवाण सावित हुने प्रत्यक्ष भएकाले यसले उचित व्यवस्थापन गर्नुपर्दछ ।

शिक्षण एक वृहत क्षेत्र हो । जो एक वैज्ञानिक प्रविधि र कलाको समिश्रण हो । शिक्षण कार्य विद्यार्थी र शिक्षक बीच कक्षाकोठामा सम्पन्न गर्ने विविध रणनीति अवलम्बन गरी सम्पन्न गर्ने गरिन्छ । जसमा मुख्य केन्द्र बिन्दुको रुपमा विद्यार्थीलाई लिइन्छ । शिक्षण कार्यमा शिक्षक निपूर्ण हुनुपर्दछ अन्यथा शिक्षण अपूर्ण भई सिकाईमा अपेक्षित उपलब्धि पूरा गर्न सक्दैन ।

शैक्षिक सामग्री भनेको शिक्षणलाई प्रभावकारी बनाउन शिक्षकले प्रयोग गर्ने विभिन्न साधनलाई बुझाउँछ जसले सिकाइमा ज्ञान, सीप र अभिवृद्धिको विकास गराउँछ । सिकाईलाई प्रभावकारी

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

उद्देश्यमूलक बनाउन शिक्षण कार्यमा प्रयोग गरिने सामग्री नै शैक्षिक सामग्री हुन । यसरी प्रयोग गरिने सामग्रीले कक्षाकोठालाई आकर्षक, रोचक विषयवस्तु केन्द्रित, सरल एवम् सहज बनाउनमा सहयोग गर्दछ । यसले सिकाईलाई प्रभावकारी बनाउन मात्र नभई शिक्षकलाई शिक्षण कार्य सञ्चालन गर्न सहजता समेत प्रदान गर्दछ । शिक्षण उद्देश्य पुरा गर्नका लागि सिकाईलाई व्यवहारिक र उपलब्धि मूलक बनाउन कक्षाकोठाको शिक्षण कार्यमा प्रयोग गरिने सम्पूर्ण किसिमका श्रव्यदृश्य उपकरणलाई शैक्षिक सामग्री भनिन्छ (कोइराला, २०७३) ।

सुनेका कुरा बिर्सिन्छ, देखेका कुरा सम्झिन सकिन्छ भनेझैं संलग्न भएर गरेका कुरा बुझिन्छ, प्रयोग गर्न योग्य हुन्छन् र स्थायी हुन्छन् । यसरी हेर्दा गणित शिक्षणलाई व्याख्यान विधिमा सीमित पारी शिक्षण क्रियाकलाप गर्दा सिकाइको हिसावले ज्यादै कम प्रभावकारी एवम् महत्वहिन हुन पुग्दछ । प्रभावकारी शिक्षणमा शिक्षकले कक्षाकोठामा गर्ने शिक्षणसँग सँगै प्रर्याप्त उपयोगी शैक्षिक सामग्रीको प्रयोग गर्दा विद्यार्थी सिकाइप्रति अभिप्रेरित भई आफै संलग्न भएर समस्याको समाधान खोज्न अग्रसर हुन पुग्दछन् । यसले स्वः शिक्षण एवम् स्वतन्त्र सिकाइमा सहयोग पुग्दछ । अहिलेको विज्ञान प्रविधिको चरमोत्कर्षमा पुगेको यस युगको माग भनेको शिक्षण सिकाइमा शैक्षिक सामग्रीको प्रर्याप्त प्रयोगबाट शिक्षण सिकाइ क्रियाकलापमा विद्यार्थीलाई प्रत्यक्ष रुपमा सहभागी बनाई उनीहरुको आफ्नै प्रयासबाट विषयवस्तुको धारणालाई सामान्यीकरण गरी प्रयोग गर्न सकुन् भन्ने रहेको छ (महर्जन र अन्य, २०७८) । जाजरकोट जिल्लाको कुशे गाउँपालिका अन्तरगत रहेका माध्यमिक विद्यालयको शैक्षिक सामग्रीको व्यवस्थापनलाई अध्ययनको समस्याको रुपमा लिइएको छ । अध्ययन क्षेत्रमा हुने शैक्षिक सामग्रीको व्यवस्थापन आवश्यक देखिएकाले यसको समस्याको रुपमा लिइएको छ । यससँगै सम्बन्धित समस्या शैक्षिक सामग्रीको व्यवस्थापनमा शिक्षक, अभिभावक र विद्यार्थीलाई के कति जानकारी छ ? स्थानीय सामग्रीको निर्माण गरी शिक्षक कक्षाकोठामा प्रयोग गर्ने सीप कति छ ? शैक्षिक सामग्री कहाँबाट कसरी व्यवस्थापन गर्न सकिन्छ ? माध्यमिक विद्यालयको शैक्षिक सामग्री व्यवस्थापनले शिक्षण कति प्रभावकारी हुन्छ ? शैक्षिक सामग्री कसरी सुरक्षित र भण्डारण गर्न सकिन्छ ? शैक्षिक सामग्री व्यवस्थापन गर्दा के कस्ता समस्या आउने गरेका छन् ? माध्यमिक विद्यालयमा शैक्षिक सामग्रीको व्यवस्थापनबाट शिक्षण सिकाइमा के कस्तो प्रभाव पार्दछ ? शिक्षण सिकाई क्रियाकलाप संचालनमा माध्यमिक तहमा शैक्षिक सामग्रीको व्यवस्थापनको अवस्था कस्तो छ ? माध्यमिक तहमा शैक्षिक सामग्री व्यवस्थापनका समस्या के कस्ता रहेका छन् ? माध्यमिक तहमा शैक्षिक सामग्री व्यवस्थापनका समस्या समाधानका उपायहरु के के हुन सक्छन् ? जस्ता समस्या मूलक प्रश्नहरुको जवाफ खोज्ने क्रममा माध्यमिक तहमा शैक्षिक सामग्रीको व्यवस्थापन शीर्षकलाई समस्याको रुपमा लिई यथार्थ अध्ययन गरिएको छ ।

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

## उद्देश्य

यस अध्ययनका उद्देश्य माध्यमिक तहमा शैक्षिक सामग्री व्यवस्थापनको अवस्था पहिचान गर्नु रहेको छ ।

## साहित्यको पुनरावलोकन

अनुसन्धान कार्यलाई पूर्णता प्रदान गर्नका निमित सम्बन्धित साहित्यको पुनरावलोकनलाई अध्ययन गरी समावेश गरिएको छ ।

राई (२०७७), ले प्राथमिक विद्यालयमा नेपाली शिक्षणका सन्दर्भमा शैक्षिक सामग्रीको वर्तमान स्थिति एक अध्ययनमा उनले नेपाली भाषा शिक्षण परम्परागत पद्धतिमा नै चलेको देखाएका छन् । यसरी विना शैक्षिक सामग्री परम्परागत प्रविधिबाट सञ्चालित भाषा, शिक्षण न त प्रभावकारी हुन्छ न त रोचक सिर्जनात्मक नै हुन्छ । यसर्थ शिक्षणमा रोचकता एवम् प्रभावकारिता ल्याउन शिक्षण सामग्रीको उपयोग अनिवार्य बन्न पुगेको छ । यसको प्रयोगबाट विद्यार्थीहरूमा बिषयवस्तुको स्पष्ट धारणा भन्ने क्रमिक एवम् शिलशिलाबद्ध रूपमा शिक्षण प्रक्रिया अघि बढ्ने, कुनै शीर्षक तथा बिषयवस्तु माथि तार्किक ढङ्गले चिन्तन मनन गर्ने बानीको विकास हुने देखाएका छन् ।

अधिकारी (२०७८), का अनुसार जुनसुकै विधि अपनाएपनि शिक्षण सिकाई रोचक र प्रभावकारी बनाउन शैक्षिक सामग्रीको अति आवश्यक पर्दछ । त्यसैले शिक्षण विधि र शैक्षिक सामग्रीको एक आपसमा सम्बन्ध रहेको छ । शिक्षण सिकाई भनेको सूचना प्रवाह गर्नु, हस्तान्तरण गर्नु हो भने यसरी सूचनाहरुको प्रवाह गर्दा सुन्न सकिने, देख्न सकिने र गर्न सकिने गरी गराउनु पर्दछ । शिक्षण योजना बनाउँदा राखेका सम्पूर्ण शैक्षिक उद्देश्य पुरा गर्न विभिन्न शैक्षिक क्रियाकलाप प्रभावकारी बनाउन र सफलता तिर लैजानका लागि शैक्षिक सामग्रीले महत्वपूर्ण भूमिका खेल्छ । शैक्षिक सामग्रीको प्रयोग गर्दा सुन्न र देख्न सकिने खालका सामग्रीहरुको छनोट गर्नुपर्दछ ।

गोदार (२०७८), का अनुसार सामुदायिक विद्यालयमा आधारित बालविकास केन्द्रको शैक्षिक सामग्री व्यवस्थापन शिर्षकमा गर्नु भएको अध्ययनमा सामुदायिक विद्यालयमा आधारीत बालविकास केन्द्रमा शैक्षिक सामग्रीको उपलब्धतको खोजी र सामुदायिक विद्यालयमा आधारित बालविकास केन्द्रमा शैक्षणिक सामग्रीका प्रयोगले बालवालिकाको सिकाईमा संलग्नताको विश्लेषण गर्नु भन्ने उद्देश्य रहेको थियो । अध्ययनको अन्तमा बाल विकास केन्द्रमा न्यून संख्यामा रहेका शैक्षिक सामग्रीको पनि प्रभावकारी रुपमा प्रयोग नभएको र कक्षाकोठाको शैक्षक्षिक सामग्री उचित व्यवस्थापन नभएको कुरा उल्लेख गर्दै शैक्षिक सामग्रीको न्यून प्रयोग गरी शिक्षण गरिएका वालवालिकाको सिकाइमा संलग्नता कमि भइ कक्षा दोहोऱ्याउने, कक्षा आफ्नो तथा वालवालिकाको अनियमित उपस्थित संख्या हुने गरेको कुरा निष्कर्षमा

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

उल्लेख गरिएको थियो । विद्यार्थीलाई सिकाइमा सहभागि गराउन र नियमितता ल्याउनका लागि शैक्षिक सामग्रीको निर्माण, प्रयोग र व्यवस्थापनलाई नै महत्व दिइएको थियो ।

## विधि र प्रक्रिया

अनुसन्धानकर्ता स्वयम् अध्ययन क्षेत्रमा गई सरोकारवाला व्यक्तिसँग प्रत्यक्ष सम्पर्क, प्रश्नावली, अन्तर्वार्ता र अवलोकनको प्रयोग गरी त्यसको आधारमा गुणात्मक र परिमाणात्मक विश्लेषण गरी व्याख्या गरिएको छ ।

जाजरकोट जिल्ला, कुशे गाउँपालिका अर्न्तगतका १३ वटा माध्यमिक विद्यालयमध्ये ६ वटा माध्यमिक विद्यालयलाई उद्देश्यमूलक नमूना छनोट विधिद्धारा नमूना छनोट गरिएको छ । उक्त विद्यालयका विद्यालय व्यवस्थापन समिति अध्यक्ष, प्रधानाध्यापक र गाउँ शिक्षा प्रमुखलाई उद्देश्यमूलक नमुना छनोट विधि प्रयोग गरी अध्ययन गरिएको छ । विद्यार्थी, शिक्षक र अभिभावकलाई चिट्ठा विधिद्धारा नमूना छनोट गरिएको छ ।

अध्ययनको लागि सम्बन्धिन क्षेत्रमा जानुपूर्व सूचना सङ्कलनका लागि अध्ययनको विषयवस्तुमा आधारित रही साधनको निर्माण गर्न आवश्यक हुन्छ । यस अध्ययन क्षेत्रमा माध्यमिक तहमा शैक्षिक सामग्रीको व्यवस्थापनको जानकारी प्राप्त गर्न निम्न साधनको निर्माण गरिएको छ ।

यस अध्ययनलाई गुणात्मक र परिमाणात्मक ढंगबाट अध्ययन गर्नका लागि तथ्याङ्क संकलनका प्राथमिक र द्बितीय स्रोतहरु प्रयोग गरिएको छ ।

तथ्याङ्क संकलनका लागि छनौटमा परेका विद्यालय, प्रधानाध्यापक, वि.व्य.स., शिक्षक, अभिभावक, विद्यार्थीसँग अनुसन्धानकर्ता आफै सम्बन्धित क्षेत्रमा गइ तथ्याङ्क संकलनको लागि बनाइएका साधन प्रयोग गरी अन्तर्वार्ता, प्रश्नावली भर्ने, अवलोकन गर्ने भरी आवश्यक तथ्याङ्क संकलन गरिएको छ । यस अनुसन्धान नमूना छनौटमा परेका विद्यालय, विद्यार्थी, शिक्षक, अभिभावक, प्रधानाध्यापक र अभिभावकबाट अध्ययनको लागि आवश्यक तथ्याङ्क संकलन गरिसकेपछि अध्ययनको उद्देश्यअनुसार प्राप्त तथ्याङ्कलाई गुणात्मक र परिमाणात्मक विश्लेषणको विधिद्वारा प्रस्तुतिकरण गरी व्याख्या गरिएको छ ।

## तथ्याङ्कको विश्लेषण र प्रस्तुतिकरण

अध्यापनमा शैक्षिक सामग्री व्यवस्थापन सम्बन्धि अध्ययनको उद्देश्य अनुसार संकलन पारिएका सूचनालाई प्रश्नावली र अन्तर्वार्ता आधारमा विश्लेषण र प्रस्तुतिकरण गरिएको छ । विद्यालयबाट प्राप्त सूचनाको आधारमा विश्लेषण गरिएको छ । प्राप्त सूचनालाई गहन रूपले अध्ययन गरी वर्णनात्मक रूपले प्रस्तुत गर्दै तार्किक निश्कर्ष निकालिएको छ ।

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

**शैक्षिक सामग्री व्यवस्थापनको अवस्था**

यस अध्ययनको नमुना छनोटमा परेका विद्यालयका प्रधानाध्यापक, शिक्षक, विद्यार्थी, वि.व्य.स. अध्यक्ष, अभिभावक तथा गाउँ शिक्षा प्रमुखलाई अध्यापनमा शैक्षिक सामग्री व्यवस्थापनमा आधारित भई प्रश्नावली, अन्तर्वार्ता र अवलोकनद्वारा तथ्याङ्क संकलन गरिएको थियो । जसमा अध्ययन क्षेत्रका विद्यालयका जनसंख्याबाट सूचना प्राप्त गरी अलग व्याख्या र विश्लेषण भएको छ ।

**शिक्षण सामग्री व्यवस्थापन**

अध्ययन क्षेत्रमा छनोटमा परेका माध्यमिक विद्यालयमा प्रयोगशालामा रहेका सामग्री दराजमा व्यवस्थित तरिकाले राखेपनि कक्षाकोठामा शिक्षण गर्दा प्रयोग नभएको पाइयो । शिक्षकले विद्यार्थीले आवश्यकता अनुसार नभइ कहिलेकाही मात्र प्रयोग गरेक पाइयो । विद्यालयमा शिक्षकलाई शैक्षिक सामग्री संकलन, निर्माण र निर्माण र प्रयोग सम्बन्धि तालिम सेमिनार संचालन नगरिएकाले शिक्षण गर्दा कठिनाइ भएको पाइयो । यस विद्यालयमा आवश्यक सामग्री खरीदको समस्या रहेको पाइयो । उपलब्ध शैक्षिक सामग्री पनि व्यवस्थापनमा खासै चासो नदिएको पाइयो ।

माध्यमिक तहमा शैक्षिक सामग्री व्यवस्थापनका लागि नमुना छनोटमा परेमा माध्यमिक विद्यालयका प्रधानाध्यापक, शिक्षक, विद्यार्थी, विद्यालय व्यवस्थापन समिति अध्यक्ष र अभिभावकलाई प्रश्नावली तथा गाउँ शिक्षा प्रमुखसँग अन्तरवार्ता लिदा शैक्षिक सामग्री खरीद, निर्माण र प्रयोग गर्न आवश्यक रकम विद्यालयमा नभएको, शैक्षिक सामग्री सुरक्षित नभएको, ल्याव कोठा साघुरो भएको भन्ने जवाफ पाइयो । माध्यमिक तहमा नमुना छनोटमा परेका प्रधानाध्यापकलाई विद्यालयमा शैक्षिक सामग्री व्यवस्थापनको अवस्था कस्तो रहेको छ भन्ने प्रश्नावली गर्दा दैनिक प्रयोगमा आउने शैक्षिक सामग्रीहरु प्रर्याप्त भएको र बढी मुल्य पर्ने श्रव्य दृश्य सामग्रीहरुको कमी भएको र त्यस्ता सामग्रीहरुको कक्षाकोठामा व्यवस्थापन गर्न नसकिएको भन्ने जवाफ पाइयो । विद्यालयमा उपलब्ध शैक्षिक सामग्रीलाई व्यवस्थित तरिकाले भण्डारण नगरेको पाइयो । विद्यार्थीको संख्या अधिक हुनु, विद्यालयमा शैक्षिक सामग्रीहरुको प्रयोग नहुनु, शैक्षिक सामग्री संकलन, निर्माण प्रयोग तथा उपयुक्त व्यवस्थापन नभएको पाइयो ।

**उपलब्ध शैक्षिक सामग्री**

शैक्षिक सामग्री भन्नाले दैनिक शिक्षण क्रियाकलापलाई सहज रुपमा सञ्चालन गर्न प्रयोग गरिने विभिन्न किसिमका सामग्री भन्ने बुझिन्छ । अध्ययन क्षेत्रका विभिन्न विद्यालयको अवलोकन गर्दा आधारभूत शैक्षिक सामग्री भन्दा विद्युतिय शैक्षिक सामग्रीको कमी भएको पाइयो । यसै क्रममा अध्ययन क्षेत्रका नमुना छनोटमा परेका माध्यमिक तहका विद्यालयहरुमा शैक्षिक सामग्रीको उपलब्धताको सन्दर्भमा

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

प्रधानाध्यापकबाट प्राप्त जानकारीलाई विद्यालय अनुसार श्री सरस्वती माध्यमिक विद्यालय रिजापहाडामा श्रव्य दृश्य सामग्रीहरुको व्यवस्थापन कमजोर रहेको पाइयो भने मुद्रित शैक्षिक सामग्रीहरु सन्तोषजनक रहेको पाइयो । शिक्षक निर्देशिका कमी भएको पाइयो । प्रिन्टर १ वटा मात्र रहेको र फोटोकपी मेसिन उक्त विद्यालयमा नभएको पाइयो ।

श्री दुर्गा देवी माध्यमिक विद्यालय थर्पुमा ह्वाइट बोर्ड, शब्दकोष, चार्ट, ग्लोब र नक्सा जस्ता शैक्षिक सामग्रीको अवस्था सन्तोषजनक रहेको देखियो । शब्दकोष र शिक्षक निर्देशिका अप्रर्याप्त रहेको पाइयो । श्रव्य दृश्य सामग्री संख्या कम देखियो । यसबाट के प्रमाणित हुन्छ भने श्रव्य दृश्य सामग्रीहरुको व्यवस्थापन निकै दयनिय रहेको देखियो । उक्त विद्यालयले शैक्षिक सामग्री व्यवस्थापनमा उपयुक्त ध्यान नपुऱ्याएको पाइयो । यसरी माध्यमिक विद्यालयमा शैक्षिक सामग्रीहरुको कमजोर व्यवस्थापन भएको खण्डमा शिक्षण सिकाइ गुणस्तरिय नहुने देखिन्छ । गुणस्तरिय शिक्षण सिकाइका लागि माध्यमिक तहमा शैक्षिक सामग्रीको उपयुक्त व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

श्री लक्ष्मी प्राप्ती माध्यमिक विद्यालय खुर्पामा दैनिक प्रयोगमा आउने शैक्षिक सामग्रीको व्यवस्थापन सन्तोषजनक रहेता पनि श्रव्य दृश्य सामग्रीहरुको व्यवस्थापन उल्लेख रुपमा नरहेको पाइयो । कम्प्यूटर र ल्यापटपको संख्या कमी देखिन्छ भने फोटोकपी मेसिन नभएको पाइयो । प्रिन्टर २ वटा रहेको र त्यसमध्ये पनि १ वटाको मर्मत गर्नुपर्ने अवस्था रहेको पाइयो । उक्त विद्यालयमा मुद्रित सामग्रीहरु सन्तोषजनक रहेको पाइयो ।

श्री लक्ष्मी प्राप्ती माध्यमिक विद्यालय खुर्पामा शैक्षिक सामग्री व्यवस्थापनको लागि कक्षाकोठा व्यवस्थित नभएको र कार्यालय भवनको १ वटा कोठामा शैक्षिक सामग्री वेवारिसे तवरले राखेको पाइयो । उक्त विद्यालयमा शिक्षण सामग्री व्यवस्थापनको लागि प्रधानाध्यापक, शिक्षक, विद्यार्थी, विद्यालय व्यवस्थापन समितिले विशेष ध्यान दिनुपर्ने देखिन्छ । विद्युतिय शैक्षिक सामग्री केही मात्रमा उपलब्ध भएता पनि तालिम प्राप्त जनशक्तिको अभावका कारण उपलब्ध शैक्षिक सामग्री त्यतिकै थन्किएको पाइयो ।

श्री मान्यढुङ्गा माध्यमिक विद्यालय टालेगाउँमा पनि श्रव्यदृश्य सामग्रीहरु प्रर्याप्त मात्रमा नभएको पाइयो । उपलब्ध श्रव्य दृश्य शैक्षिक सामग्री प्रयोग विहिन रहेको पाइयो । यस्ता शैक्षिक सामग्रीको समयमै उपयुक्त व्यवस्थापन गरिनु पर्ने देखियो । उक्त विद्यालयमा मुद्रित शैक्षिक सामाग्री कक्षाकोठामा व्यवस्थित तरिकाले नसजाइ कार्यालय कक्षको एउटा कुना तिर थन्काएको पाइयो ।

श्री भगवती माध्यमिक विद्यालय भेटुखानामा सामान्यतय आधारभूत शैक्षिक सामाग्रीहरुको व्यवस्थापनको अवस्था सन्तोषजनक रहेको पाइयो । शिक्षक निर्देशिका, पाठ्यक्रम, शब्दकोश, कम्प्यूटर,

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

ल्यापटप र प्रिन्टरको संख्या निकै कम देखियो । यसबाट के प्रष्ट हुन्छ भने उक्त विद्यालयले शैक्षिक सामग्री व्यवस्थापनमा खासै चासो नदेखाएको र उपयुक्त शैक्षिक सामग्री खरिद नगरेको पाइयो । मुद्रित सामग्री व्यवस्थापन नगरी कार्यालय कक्षको एउटा कुना तिर वेवरिसे तवरले थन्क्याएको पाइयो । ग्लोब ३ वटा भएपनि स्ट्याण्ड नभएको पाइयो ।

अध्ययन क्षेत्र नमुना छनोटमा परेका माध्यमिक विद्यालयको शैक्षिक सामग्रीको उपलब्ध विवरणलाई समग्रमा विश्लेषण गर्दा आधारभूत शैक्षिक सामग्री भन्दा विद्युतिय शैक्षिक सामग्रीको उपलब्धता कमी रहेको पाइयो ।

**स्थानिय शैक्षिक सामग्री व्यवस्थापन**

विद्यालयमा विभिन्न प्रकारका सामग्रीहरूको प्रयोग गर्ने गरिन्छ । जसमा केहि स्थानीय स्तरमा उपलब्ध श्रोत साधनको प्रयोग गरी निर्माण गरिन्छ भने केहि आधुनिक र महंगा सामग्री किनेर निर्माण गरिन्छ । शैक्षिक सामाग्रीले सिकाइलाई प्रभावकारी दिगो र उपलब्धिमूलक गराउँछ । कम मुल्य पर्ने सामग्री अन्तरगत नक्सा, ग्लोब, चार्ट भनिन्छ भने विद्युतिय सामग्रीलाई महंगो शैक्षिक सामग्री भनिन्छ । अध्ययन क्षेत्रमा नमुना छनोटमा परेका माध्यमिक विद्यालयमा स्थानिय शैक्षिक सामग्रीको व्यवस्थापनलाई स्थानिय शैक्षिक सामग्रीको व्यवस्थापनको सन्दर्भमा श्री सरस्वती मा.वि. रिजापहाडा र श्री लक्ष्मी प्राप्ती माध्यमिक विद्यालय खुर्पामा स्थानिय शैक्षिक सामग्रीहरुको व्यवस्थापन अतिउत्तम रहेको देखिन्छ । त्यसैगरी स्थानिय शैक्षिक सामग्रीको व्यवस्थापनको सन्दर्भमा श्री भगवती माध्यमिक विद्यालय भेटुखाना र श्री जनता माध्यमिक विद्यालय पैंकमा स्थानिय शैक्षिक सामग्रीहरुको व्यवस्थापन उत्तम रहेको देखिन्छ भने श्री दुर्गा देवी माध्यमिक विद्यालय थर्पु र श्री मान्यढुङ्गा मा.वि. टालेगाउँमा स्थानिय शैक्षिक सामग्रीहरुको व्यवस्थापन सामान्य रहेको देखिन्छ ।

**मूल्यवान शैक्षिक सामग्रीको व्यवस्थापन**

मूल्यवान शैक्षिक सामग्रीहरुमा कम्पयूटर, ल्यापटप, प्रिन्टर, फोटोकपी, स्लाइड, प्रोजेक्टर, भिडियो, टि.भी., इन्टरनेट जस्ता सामग्रीहरुको पर्दछ । अध्ययन क्षेत्र दुर्गम तथा विकट भएको र विद्युत सेवाको पहुच नभएको हुनाले सोलार सिस्टमद्धारा विद्युतिय शैक्षिक सामग्री केही क्षणका लागि प्रयोग गरेता पनि दिगो रुपमा प्रयोग गर्न नसकेको पाइयो । विद्यालयको आर्थिक अवस्था हेरी विभिन्न किसिमका बढी मूल्य पर्ने सामग्रीहरू पनि प्रयोग गर्न सकेमा शिक्षण सिकाइमा बढी प्रभावकारीता ल्याउन सहयोग गर्दछन् । अध्ययन क्षेत्रका विद्यालयमा कम्प्युटर, ल्यापटप र प्रिन्टर रहेको पाइयो । यो पनि भर्खर भर्खरै व्यवस्था गरिएको पाइयो । जसको प्रयोग गर्दा विद्यार्थीहरु बढी क्रियाशिल हुने र सिकाइ प्रभावकारी हुने कुरा

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

शिक्षकको प्रतिक्रिया पाइयो । अध्ययन क्षेत्रका नमुना छनोटमा परेका माध्यमिक विद्यालयहरुमा मूल्यवान शैक्षिक सामग्री व्यवस्थापनको सन्दर्भमा निम्न लिखित तालिकाद्धारा प्रष्ट पारिएको छ ।

तालिका १

*मूल्यवान शैक्षिक सामग्रीको व्यवस्थापन विवरण*

| | मूल्यवान शैक्षिक सामग्रीको व्यवस्थापन | | |
|---|---|---|---|
| | उत्तम | मध्यम | सामान्य |
| श्री सरस्वती मा.वि. रिजापहाडा | - | √ | - |
| श्री दुर्गा देवी माध्यमिक विद्यालय थर्पु | - | - | √ |
| श्री लक्ष्मी प्राप्ती माध्यमिक विद्यालय खुर्पा | - | √ | - |
| श्री मान्यढुङ्गा मा.वि. टालेगाउँ | - | - | √ |
| श्री भगवती माध्यमिक विद्यालय भेटुखाना | - | - | √ |
| श्री जनता माध्यमिक विद्यालय पैंक | - | √ | - |

स्रोत : स्थलगत अध्ययन, २०८०

माथिको तालिका अनुसार श्री सरस्वती मा.वि. रिजापहाडा, श्री लक्ष्मी प्राप्ती माध्यमिक विद्यालय खुर्पा र श्री जनता माध्यमिक विद्यालय पैंकमा मूल्यवान शैक्षिक सामग्रीहरुको व्यवस्थापन मध्यम रहेको पाइयो भने श्री दुर्गा देवी माध्यमिक विद्यालय थर्पु, श्री मान्यढुङ्गा मा.वि. टालेगाउँ र श्री भगवती माध्यमिक विद्यालय भेटुखानामा मूल्यवान शैक्षिक सामग्रीहरुको व्यवस्थापन सामान्य रहेको पाइयो । उपलब्ध सामग्रीलाई हेर्दा विद्यालयमा बढी मूल्य पर्ने सामग्रीमध्ये केहीको प्रयोगको सुरुवात गरिएको पाइयो तर तिनीहरुको संरक्षण सही रुपमा नभएको र त्यति उच्च तरिकाले प्रयोग पनि नगर्ने गरेको पाइयो । यसरी विद्यालयमा आवश्यकता अनुसार विषयवस्तु सान्दर्भिक शैक्षिक सामग्रीहरूको प्रयोग नहुदा सिकाइ उपलब्धि बृद्धिमा समस्या परेको पाइयो ।

**शैक्षिक सामग्री निर्माणको अवस्था**

प्रधानाध्यापक, शिक्षक र विद्यार्थी बीच छलफल गर्दा नमुना छनोट परेका विद्यालयमा निर्माण गरिएको शैक्षिक सामग्री पनि प्रयोग नगरेको पाइयो । शैक्षिक सामग्रीलाई उचित व्यवस्थापन र भण्डारण सही तरिकाले नगरिएको देखिएन । शैक्षिक सामग्री निर्माण, प्रयोगले सिकाइ उपलब्धि दर वृद्धि हुने देखिन्छ । शैक्षिक सामग्री निर्माणमा विभिन्न स्वदेशी तथा विदेशी संघ संस्थाले पनि सहयोग गर्नुपर्ने पनि

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

देखिन्छ । शैक्षिक सामग्री वापत आएको रकमलाई पनि सही सदुपायोग गर्नुपर्ने देखिन्छ । अध्ययनको क्रममा छनौटमा परेका विद्यालयको शैक्षिक सामग्री निर्माणको अवस्था अध्ययन गर्दा सन्तोषजनक नरहेको देखिन्छ । सिकाइ उपलब्धिदरलाई वृद्धि गर्न, विद्यार्थीमा सिकाइ उत्प्रेरणा बढाउन स्थानिय स्तरमा पाइने सामग्रीहरु निर्माण विषयवस्तु अनुसार प्रयोग गर्नु पर्ने देखिन्छ ।

विद्यालयमा व्यवस्थापन समिति अध्यक्षसँग प्रश्नावली गर्दा शिक्षकहरुले नै शैक्षिक सामग्री निर्माण गर्ने गरेको जानकारी पाइयो । गाउँ शिक्षा प्रमुखका अनुसार विभिन्न समयमा शैक्षिक सामग्री निर्माण कार्यशाला संचालन गरेको भए तापनि शिक्षकले सिकेका सीपलाई सदुपयोग नगरेको पाइयो । शिक्षक शैक्षिक सामगी निर्माण गरी शिक्षण गर्नुको सट्टा किताबी आधारलाई महत्व दिने गरेको पाइयो ।

**माध्यमिक तहमा शैक्षिक सामग्री व्यवस्थापनका समस्याहरु**

विद्यालय एक संस्था हो । कक्षाकोठा विद्यालयका महत्वपूर्ण पक्ष हो । जसको प्रभावकारी व्यवस्थापनबाट मात्र संस्थाको अपेक्षित लक्ष्य र उद्देश्य प्राप्त हुन्छ, प्रभावकारी शैक्षिक सामग्री व्यवस्थापन गर्न सकिएन भने विद्यार्थी कक्षा छाड्नेदर, सिकाइ उपलब्धि कमी हुने, विद्यार्थी अनियमितता हुने, अनुर्त्तिण हुने डर हुन्छ । त्यसैले माध्यमिक तहमा शैक्षिक सामग्री व्यवस्थापन अपरिहार्य छ । यसको व्यवस्थापन प्रभावकारी भएमा शिक्षण प्रक्रिया प्रभावकारी हुन्छ । माध्यमिक तहमा शैक्षिक सामग्री व्यवस्थापन नगर्दा विद्यालयमा विभिन्न किसिमका समस्या आउने गर्दछ । माध्यमिक विद्यालयमा शैक्षिक व्यवस्थापनका के कस्ता समस्या रहेका छन् भनि प्रधानाध्यापकलाई प्रश्नावली गर्दा आर्थिक अभाव, शैक्षिक सामग्री संरक्षणको अभाव भन्ने जवाफ पाइयो । यही प्रश्न व्यवस्थापन समितिका अध्यक्षसँग राख्दा समन्वय र सहकार्यको अभाव र सुपरिवेक्षणको अभाव भन्ने प्रतिक्रिया पाइयो । तपाइको विद्यालयमा शैक्षिक सामग्री व्यवस्थापनका के कस्ता समस्या रहेका छन् भनि विद्यार्थीहरुलाई प्रश्नावली राख्दा शैक्षिक सामग्री संरक्षणमा कमी हुनु, श्रव्य दृश्य सामग्री प्रर्याप्त नहुनु र शिक्षकले भएका शैक्षिक सामग्रीहरु व्यवस्थित तारिकाले प्रयोग नगरेको भन्ने जवाफ पाइयो । अध्ययन क्षेत्रका नमुना छनोटमा परेका माध्यमिक विद्यालयका अभिभावकलाई शैक्षिक सामग्री व्यवस्थापनका समस्याहरु के के रहेका छन् भनि प्रश्नावली गर्दा शैक्षिक सामग्री व्यवस्थापनको लागि विद्यालयमा आर्थिक समस्या रहेको भन्ने जवाफ पाइयो यहि प्रश्नावली शिक्षकहरुलाई राख्दा शैक्षिक सामग्रीहरु व्यवस्थापन उपयुक्त तरिकाले हुन नसकेको जवाफ पाइयो । माध्यमिक तहमा शैक्षिक सामग्री व्यवस्थापनका के कस्ता समस्या रहेका छन् भनि गाउँ शिक्षा प्रमुखसँग अन्तर्वार्ता लिदा विद्यार्थी सक्रिय नहुनु, शैक्षिक सामग्री संरक्षणमा कमी हुनु, आर्थिक अभाव हुनु र कम मुल्य पर्ने र स्थानिय शैक्षिक सामग्रीको व्यवस्थापनमा विद्यालयहरुले चासो नदिएको भन्ने जवाफ पाइयो ।

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

**पुनर्ताजगी तालिमको अभाव**

समय गतिशिल छ, परिवर्तनशिल छ । आज सिकेको कुरा भोली पुरानो हुन्छ । त्यसैले सिकाइका लागि आवश्यकता अनुसार शैक्षिक सामग्री प्रयोग सम्बन्धि तालिम तथा गोष्ठीको आयोजना गरी पुनर्ताजगी तालिम दिनु पर्दछ । शुरुमा निपूर्ण कोही हुदैन, सिक्दै, सिकाउदै गर्दै जानु पर्दछ । पुराना विधिलाई तालिमको माध्यमबाट नयाँ र आधुनिक विधि प्रयोगमा ल्याउन सजिलो बनाइदिन्छ । अध्ययन क्षेत्रका विद्यालय आधुनिक प्रविधिको पहुच नभएको पाइयो । शिक्षक तथा विद्यार्थी शैक्षिक सामग्री प्रयोग सम्बन्धि लापर्वाही तथा तालिम प्राप्त नभएको पाइयो । शिक्षक तथा विद्यार्थीहरुको न्यून चाँसोका कारण सिकाई स्तरमा प्रभाव परेको देखिन्छ ।

**भौतिक पूर्वाधारमा समस्या**

अध्ययन क्षेत्रका नमुना छनोटमा परेका माध्यमिक विद्यालयहरुमा शैक्षिक सामग्री व्यवस्थापनका लागि उपयुक्त कक्षाकोठा नभएको, सामग्री व्यवस्थापनका लागि छुट्टै भण्डारण कक्ष नरहेको समस्या रहेको पाइयो ।

**शैक्षिक सामग्री व्यवस्थापनका समस्या समाधानका उपायहरु**

सिकाइलाई प्रभावकारी बनाई शैक्षिक उपलब्धि वृद्धि गर्न शैक्षिक सामग्रीको प्रमुख भूमिका रहन्छ । हरेक क्रियाकलाप सम्पन्न गर्न विभिन्न असहजता आउने गर्दछन् । सिकाइलाई प्रभावकारी बनाउनका साथै उद्देश्य समेत पुरा गर्न शैक्षिक सामग्रीले उल्लेखनिय भूमिका खेल्दछ । शैक्षिक सामग्रीको व्यवस्थापन, विद्यार्थीको अनुपातमा शिक्षक संख्या, राम्रो वातावरण भएमा सिकाई उपलब्धि वृद्धि हुन्छ । यसको अलावा विद्यालयमा राजनैतिक हस्तक्षेप, भौतिक व्यवस्थापन कमजोर, आर्थिक अभावका कारण सरोकारवालाले जिम्मेवारी पुरा नगर्नु, शैक्षिक सामग्रीको निर्माण प्रायोग नगर्नु, जस्ता कारणले गर्दा शैक्षिक उपलब्धि वृद्धि गर्न सकिदैन । त्यसकारण सिकाइ स्तर माथि उठाउन सबै सरोकारवालाहरुको चासो बढ्नु पर्दछ । माथिल्लो निकायबाट स्वच्छ रुपमा सुपरीवेक्षणको व्यवस्था गरिनु पर्दछ । शैक्षिक सामग्री व्यवस्थापनको सन्दर्भमा माथिल्लो निकायवाट अनुगमन गरिनु पर्दछ । बजेटको व्यवस्थापन गरिनु पर्दछ । तालिमको व्यवस्थापन र भण्डारण कक्षाको व्यवस्थापन गरिनु पर्दछ ।

अध्ययनको क्षेत्रमा माध्यमिक विद्यालयमा गरिएको अवलोकन अन्तर्वार्ता, प्रश्नावली अनुसार शैक्षिक सामग्री व्यवस्थापन विभिन्न कारणले गर्न नसकेको कुरा शिक्षकको प्रतिक्रिया पाइयो । शिक्षक, विद्यार्थी, प्रधानाध्यापक, वि.व्य.स. अध्यक्ष तथा गाउँ शिक्षा प्रमुखको प्रतिक्रियाको आधारमा माध्यमिक तहमा शैक्षिक सामग्री व्यवस्थापनका समस्या समाधानका उपायहरु प्रस्तुत गरिएको छ ।

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

माध्यमिक तहमा शैक्षिक सामग्री व्यवस्थापन नगर्दा विद्यालयमा विभिन्न किसिमका समस्या आउने गर्दछन् । सो सम्बन्धमा माध्यमिक विद्यालयमा शैक्षिक व्यवस्थापनका समस्या समाधानका उपायहरु के के रहेका छन् भनि प्रधानाध्यापकलाई प्रश्नावली गर्दा आर्थिक व्यवस्थापन, शैक्षिक सामग्री उचित व्यवस्थापन गर्नुपर्छ भन्ने जवाफ पाइयो । यही प्रश्न व्यवस्थापन समितिका अध्यक्षसँग राख्दा समन्वय र सहकार्यको गर्नुपर्ने र नियमित सुपरिवेक्षण गर्नुपर्ने प्रतिक्रिया पाइयो । तपाइको विद्यालयमा शैक्षिक सामग्री व्यवस्थापनका समस्या समाधानका उपायहरु के के हुन सक्छन् भनि विद्यार्थीहरुलाई प्रश्नावली राख्दा शैक्षिक सामग्री संरक्षण गर्नुपर्ने, श्रव्य दृश्य सामग्री प्रर्याप्त हुनुपर्ने र शैक्षिक सामग्रीहरु व्यवस्थित तारिकाले प्रयोग गर्नुपर्ने भन्ने जवाफ पाइयो । अध्ययन क्षेत्रका नमुना छनोटमा परेका माध्यमिक विद्यालयका अभिभावकलाई शैक्षिक सामग्री व्यवस्थापनका समस्या समाधानका उपायहरु के के रहेका छन् भनि प्रश्नावली गर्दा शैक्षिक सामग्री व्यवस्थापनको लागि विद्यालयमा आर्थिक अनुदानको व्यवस्थापन गर्नुपर्ने भन्ने जवाफ पाइयो । यहि प्रश्नावली शिक्षकहरुलाई राख्दा शैक्षिक सामग्रीहरु व्यवस्थापन उपयुक्त तरिकाले गरिनुपर्ने भन्ने जवाफ पाइयो । माध्यमिक तहमा शैक्षिक सामग्री व्यवस्थापनका समस्या समाधानका उपायहरु के के होलान् भनि गाउँ शिक्षा प्रमुखसँग अन्तर्वार्ता लिदा विद्यार्थी सक्रिय हुनुपर्ने, शैक्षिक सामग्री संरक्षण गर्नुपर्ने, आर्थिक व्यवस्था गर्नुपर्ने र कम मुल्य पर्ने र स्थानिय शैक्षिक सामग्रीहरुको व्यवस्थापनमा जोड दिनुपर्ने भन्ने जवाफ पाइयो ।

**तालिमको व्यवस्था**

शिक्षण सिकाई प्रक्रियालाई प्रभावकारी र आकर्षित गर्नका लागि तालिमको महत्वपूर्ण भूमिका रहन्छ । शिक्षणलाई व्यवहारिक बनाउन शैक्षिक सामग्री ब्यवस्थापनको प्रभावकारितालाई लिन सकिन्छ । किनकी प्रभावकारी व्यवस्थापनले शिक्षाका लक्ष्य र उद्देश्य प्राप्त गर्न सकिन्छ । शैक्षिक सामग्री व्यवस्थापनलाई प्रभावकारी बनाउन तालिमको आवश्यकता पर्दछ । तालिमले नै विभिन्न प्रयोगशालाका सामग्री सिप विकास गर्न, समन्वयको बातावरण सिर्जना गर्न, शिक्षण सिकाईप्रति उत्प्रेरणा जगाउन, विद्यार्थीलाईको प्रयोगशालामा प्रयोगात्मक कार्य सिकाउन प्रभावकारी तालिमको आवश्यकता पर्दछ । शिक्षण सिकाइलाई प्रभावकारिता ल्याउन शैक्षिक सामग्रीको व्यवस्थापन हुनुपर्ने देखिन्छ । प्रभावकारी शिक्षण गर्न, प्रधानाध्यापक, शिक्षक, वि.व्य.स.लाई अनिवार्य रूपमा शैक्षिक सामग्री व्यवस्थापन तालिम दिनुपर्दछ । तालिम पश्चात अनुगमन गरी तालिमको प्रयोग गराउनु पर्दछ ।

**भौतिक पूर्वाधारमा व्यवस्थापन**

अध्ययन क्षेत्रका नमुना छनोटमा परेका माध्यमिक विद्यालयहरुमा शैक्षिक सामग्री व्यवस्थापन गरिनु पर्ने, उपयुक्त कक्षाकोठाको व्यवस्थापन गरिनु पर्ने, शैक्षिक सामग्रीको संरक्षण र व्यवस्थापन

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

गरिनुपर्ने भन्ने जवाफ सरोकारवालाबाट प्राप्त भयो । यसरी शैक्षिक सामग्री व्यवस्थापन गर्न सकेमा विद्यालयमा शैक्षिक गुणस्तर कायम गर्न सकिन्छ । शैक्षिक सामग्री व्यवस्थापनका लागि अध्ययन क्षेत्रमा नमुना छनोटमा परेका माध्यमिक विद्यालयका प्रधानाध्यापक, शिक्षक, विद्यार्थी अभिभावक, विद्यालय व्यवस्थापन समिति अध्यक्ष र गाउँ शिक्षा प्रमुख लगायत स्थानिय बुद्धिजीवि, सरोकारवाला पक्षले विद्यालयमा बजेट व्यवस्थापन गरी, भौतिक पूर्वाधारको निर्माण गर्नुपर्ने देखियो ।

## निश्कर्ष

यस अध्ययनमा माध्यमिक तहमा शैक्षिक सामग्री व्यवस्थापनका सम्बन्धमा विद्यालयले ज्यामिति वक्स, क्यालकुलेटर, घडी, तराजु, भेन डाइग्रामको लागि संख्या पत्ती, क्लाइनों मिटर, रुलर सामग्री मात्र प्रयोग गरेकाले अन्य सामग्री पनि प्रयोग गर्नुपर्ने देखिन्छ । विद्यालयमा प्राप्त शैक्षिक सामग्रीलाई पुनः प्रयोग गर्नुपर्ने हुन्छ । व्यवस्थापन समिति, विद्यार्थी र शिक्षकले अध्यापनको लागि शैक्षिक सामग्री संकलन गर्न सहयोग गर्नुपर्दछ । स्थानिय सामग्रीबाट निर्मित शैक्षिक सामग्री धेरै पटक प्रयोग गर्नुपर्दछ । बिषयको शिक्षण बढी भन्दा बढी अभ्यास गराउने विधि प्रयोग गर्नुपर्दछ । विद्यालयमा विद्यार्थीलाई अभ्यास गराउने प्रयोगशाला निर्माण गर्नुपर्दछ । सामग्रीहरुको निर्माण संकलन र प्रयोगको मात्रा बढाउनु पर्ने देखियो । शैक्षिक सामग्रीको प्रयोग नियमित रूपमा गर्नुपर्छ । शिक्षकलाई निरन्तर तालिम पुनर्ताजगी तालिम अभिमुखिकरणको व्यवस्था गर्नुपर्दछ । विद्यालयको आर्थिक अवस्थामा सुधार गरी प्रयाप्त शैक्षिक सामग्री खरीद, निर्माण र प्रयोग गर्नुपर्दछ । विद्यालयमा विद्यार्थी संख्याको आधारमा शिक्षकको संख्या निर्धारण गर्नुपर्ने देखिन्छ ।

शिक्षकले प्रभावकारी शिक्षण गर्नको लागि विद्यार्थी केन्द्रित विधि प्रयोग गरी समयमै पाठयपुस्तक अध्यापन गरेर सक्नु पर्दछ । विद्यालयको भौतिक अवस्था सुधार गर्नुपर्ने देखिन्छ । अभिभावक, शिक्षक र विद्यार्थीले छलफल गरी सिकाईमा भएका समस्या समाधान गरी सुधार गर्नुपर्ने देखिन्छ । शिक्षकलाई तालिमको व्यवस्था गरी पेशाप्रतिको उत्साह र इमान्दारितामा वृद्धि गर्नुपर्ने देखिन्छ । शैक्षिक सामग्रीको प्रभावकारी व्यवस्थापन गर्नुपर्ने देखिन्छ । शिक्षकले शैक्षिक सामग्री प्रयोग गरी शिक्षण गरेको पाठ विद्यार्थीले सजिलै सिकेको पाइयो । माध्यमिक तहमा शिक्षणमा शैक्षिक सामग्रीको व्यवस्थापन उचित रुपमा गरी शिक्षण गरेका विद्यार्थीहरूको सिकाई उपलब्धि राम्रो रहेको र शैक्षिक सामग्री प्रयोग नगरी शिक्षण गरेको विद्यार्थीको सिकाई न्यून हुने गरेको पाइयो ।

माध्यमिक तहमा शैक्षिक सामग्री खरिद तथा निर्माण गरी व्यवस्थापन गर्न प्रशस्त बजेट विद्यालयमा नभएकाले विद्यालयले प्राप्त गर्ने सीमित प्रशासनिक खर्च धेरै जसो विद्यालयको प्रशासनको लागि आवश्यक सामग्री खरिद गर्दा खर्च गर्ने तर शैक्षिक सामग्री खरिद गरी व्यवस्थापन गर्न कसैले

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

चासो नदेखाउने गरेको पाइयो । शैक्षिक सामग्री प्रयोगात्मक कक्षाकोठामा अव्यवस्थित ढङ्गले राखेको, शैक्षिक सामग्री भण्डारण सुरक्षित तवरले राख्न नसकेको पाइयो । शिक्षकले विद्यार्थीबाट केही स्थानीय सामग्री संकलन गर्न लगाई प्रयोग गरे पनि ति सामग्री उचित व्यवस्थापन गर्न भने नसकेको पाइयो । शैक्षिक सामग्री निर्माण गरी प्रयोग गर्न लपारवाही गर्ने गरेको पाइयो । स्थानिय रूपमा संकलन गरिएका शैक्षिक सामग्रीलाई सुरक्षित तवरले व्यवस्थापन गर्न २ वटा माध्यमिक विद्यालयले अतिउत्तम व्यवस्थापन गरेको पाइयो । त्यसैगरी २ वटा माध्यमिक विद्यालयले उत्तम व्यवस्थापन गरेको पाइयो भने २ वटा माध्यमिक विद्यालयले सामान्य रुपमा व्यवस्थापन गरेको पाइयो । मूल्यवान शैक्षिक सामाग्रीको व्यवस्थापनका लागि ३ वटा माध्यमिक विद्यालयले उत्तम तरिकाले व्यवस्थापन गरेको पाइयो भने ३ वटा माध्यमिक विद्यालयहरुले सामान्य रुपमा व्यवस्थापन गरेको पाइयो । विद्यालयमा शिक्षक दरवन्दि कम र विद्यार्थी संख्या अत्यधिक भएको विद्यालयमा शैक्षिक सामग्री प्रयोग गरी व्यवस्थापन गर्न समस्या भएको पाइयो । अभिभावकले पनि शिक्षण सिकाईमा भन्दा पनि परीक्षाको नतिजामा मात्र चासो राख्ने गरेको पाइयो । समग्रमा शैक्षिक सामग्री निर्माण, खरिद प्रयोग र व्यवस्थापनमा कडाइ गर्नुपर्ने देखियो ।

## सन्दर्भसूची

अधिकारी, नारायण (२०७८), *नेपालको शैक्षिक इतिहास,* काठमाण्डौ : भाषा बुक्स ।

अधिकारी, विष्णुप्रसाद (२०७४), *नेपालको शैक्षिक दर्पण,* काठमाण्डौ : बिशेष बुक्स ।

अधिकारी, हरि (२०७५), *शैक्षिक सामग्रीको उपयोग सम्बन्धी अध्ययन,* अप्रकाशित शोधपत्र, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर काठमाण्डौ ।

कोइराला, विद्यानाथ (२०७३), शैक्षिक सामग्रीको भूमिका, *शिक्षक मासिक,* कार्तिक, वर्ष १ अंक ।

कोइराला, विद्यानाथ (२०७४), प्रधानाध्यापकको नेतृत्वशैलिलाई कसरी प्रभावकारी बनाउने *शिक्षक मासिक,* वर्ष २ अंक १४ ।

गोदार, कृष्णबहादुर (२०७८), *सामुदायिक विद्यालयमा आधारित बालविकास केन्द्रको शैक्षिक सामग्रीको व्यवस्थापन,* अप्रकाशित शोधपत्र, पृथ्वी नारायण क्याम्पस, शिक्षा विभाग ।

राई, रामकुमार (२०७७), *प्राथमिक विद्यालयमा नेपाली शिक्षणका सन्दर्भमा शैक्षिक सामग्रीको वर्तमान स्थिति एक अध्ययन,* अप्रकाशित शोधपत्र, त्रिभुवन विश्वविद्यालय, काठमाण्डौ ।

शर्मा, चिरञ्जिवी र अन्य, (२०७९), *शिक्षक सेवा आयोग परीक्षा सारथी,* काठमाडौं : एम.के. पब्लिसर्स एण्ड डिस्ट्रिव्युटर्स ।